## चुलाचुलीगाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

**अनुसूची २**

चुलाचुलीगाउँपालिकाको

## राजपत्र

**गाउँकार्यपालिकाद्वाराप्रकाशित**

| खण्ड,1संख्या३, प्रकाशितमिति**२०७६/०१/२०** |
|---|

## भाग-२

**चुलाचुलीगाउँपालिकाको**
**जेष्ठ नागरिक परिचय-पत्रवितरण सम्बन्धीि**
**नर्देशिका-२०७५**

आज्ञाले,
काजीमान राई
प्रमुखप्रशासकीयअधिकृत

## चुलाचुलीगाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

चुलाचुलीगाउँपालिकाको
**जेष्ठ नागरिक परिचय-पत्रवितरण सम्बन्धी**
**निर्देशिका-२०७६**

**स्वीकृत मिति : –२०७६/०१/०९**

**चुलाचुलीगाउँपालिका**
इलाम जिल्ला, १ नं. प्रदेश,
नेपाल।

# चुलाचुलीगाउँपालिकाको
# जेष्ठ नागरिक परिचय-पत्रवितरण सम्बन्धीनिर्देशिका-२०७६

१. परिचयः

जेष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षाप्रदानगर्न तथानिजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रतिश्रद्धा, आदार तथा सद्भावअभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवाएवम् सुविधाको उचितव्यवस्थापन गरी नेपालको संविधानको अनुसूची- ८ को क्र.सं. १६ वमोजिमकार्य गर्न जेष्ठ नागरिक परिचय-पत्रवितरण निर्देशिकाजारी गरिएको छ ।

२. पचिरय-पत्रवितरणका आधार

नेपालको संविधानको धारा ४१ माउल्लेख भएवमोजिम जेष्ठ नागरिकको हक, जेष्ठ नागरिक सम्बन्धीनियमावली २०६५ को नियम १५ अनुसार जेष्ठ नागरिकहरुलाई परिचयपत्रदिने व्यवस्थालगायत जेष्ठ नागरिक परिचयपत्रवितरणका आधार हुनेछन् ।

३. उद्देश्य

(क) जेष्ठनागरिकहरुको पहिचानगर्ने र चुलाचुलीगाउँपालिकाभित्रका जेष्ठ नागरिकहरुको लगत राख्ने ।
(ख) नेपालको संविधानअनुसार प्रदत्त जेष्ठ नागरिकहरुको हकअधिकार सुनिश्चितगर्न र जेष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी सधान, सार्वजनिककार्य, स्वस्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमाप्रदानगर्ने ।
(ग) प्रचलित ऐन नियमअनुसार जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानताप्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।



४. लक्षितवर्ग

जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसार **साठी**वर्ष उमेर पूरा गरेका सबै नेपालीनागरिकहरु ।

५. जेष्ठनागरिकहरुको वर्गीकरण

जेष्ठ नागरिक सम्बन्धी ऐन २०६५ को नियम १४  को उपनियम (१) वमोजिम जेष्ठ नागरिकहरुको वर्गीकरण देहायवमोजिमगरिएको छः
(क) साठीवर्ष उमेर पूरा गरेका तर सत्तरी वर्ष उमेर पूरा नभएका जेष्ठ नागरिक
(ख) सत्तरी वर्ष उमेर पूरा भएकावरिष्ठ जेष्ठ नागरिक
(ग) असहाय जेष्ठ नागरिक
(घ) अशक्त जेष्ठनागरिक

६. परिचय-पत्रवितरणको मापदण्ड

जेष्ठ नागरिक सम्बन्धीनियमावली २०६५ को नियम १५ वमोजिम**साठी**वर्ष उमेर पुगेका नेपालीनागरिकहरुलाई मात्र जेष्ठ नागरिक परिचय-पत्रप्रदानगर्न सकिनेछ ।

७. जेष्ठनागरिक परिचय-पत्रको ढा“चा

जेष्ठ नागरिक सम्बन्धीनियमावली २०६५ को अनुसूची- ३ वमोजिमको ढाँचालाई नै आधार मानी जेष्ठ नागरिक परिचय-पत्रका ढाँचा यस निर्देशिकाको अनुसूची १ वमोजिमहुनेछ । जेष्ठनागरिक परिचय-पत्रको आधार नेपालीनागरिकताको प्रमाणपत्रको आकार बराबरको हुनेछ ।

८. परिचय-पत्रवितरण प्रक्रिया

(क) जेष्ठ नागरिक परिचय-पत्रप्राप्तगर्न साठीवर्ष उमेर पुगेको जेष्ठ नागरिक स्वयम् वानिजको संरक्षकले गाउँपालिकाको सम्बन्धित वडा अध्यक्ष समक्षनिवेदनदिनु पर्नेछ ।

(ख) निवेदनमाआफ्नो उमेर खुलेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र दुईप्रति अटो साइजको फोटो संलग्नहुनु पर्नेछ । यस प्रयोजनको लागिनागरिकताको प्रमाणपत्रलाई आधार मानिनेछ ।

(ग) निवेदकले पेश गरेको निवेदनतथा यस निर्देशिकाको दफा ८ (ख) माउल्लेखितअन्यआवश्यककागजातहरु हेरी सम्बन्धीत वडाको वडा अध्यक्षले उपयुक्त ठहऱ्याई स्वीकृत प्रदान गरे पश्चातसम्बन्धीत वडाको सचिवले प्रमाणित गरी जेष्ठ नागरिक परिचयपत्रप्रदानगर्नेछ ।

(घ) यस निर्देशिकाको दफा ८ (ग) बमोजिम वडाकार्यालयले जेष्ठ नागरिक परिचयपत्रप्रदानगर्ने कुरामाकुनै कानूनी जटिल्ता आएमावा वडा कार्यालयले सम्बन्धीतनिवेदकलाई परिचयपत्रप्रदानगर्न असमर्थताजनाएमानिवेदकले निवेदन सहितकाआवश्यककागजात प्रमाणहरु संलग्न गरी गाउँपालिकाको सो सम्बन्धीतोकिएको शाखामा पेश गरी सो शाखाले आवश्यक छानविन र स्वीकृतिकालागिगाउँपालिकाअध्यक्ष समक्षपेश गर्नु पर्नेछ ।

(ङ) त्यसरी छानविन र स्वीकृतिकालागि पेश हुनआएको निवेदनमाथीगाउँपालिकाअध्यक्षले हेरी प्रचलितकानूनकमोजिमउपयुक्त ठहऱ्याई स्वीकृतीप्रदान गरेमाप्रमुखप्रशासकीयअधिकृतले सम्बन्धीत वडा कार्यालयलाई निर्णय सहितनिवेदकलाई जेष्ठ नागरिक परिचय-पत्रप्रदानगर्नकालागि पठाउनु पर्नेछ ।

(च) परिचय-पत्रप्राप्त जेष्ठ नागरिकहरुको लगत तोकिएवमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी आफ्नो वडा कार्यालयमाराखीवार्षिक रुपमागाउँपालिकाको कार्यालयमा पठाउनु पर्नेछ र गाउँपालिकाको कार्यालयले प्रदेश र सङ्घको सम्बन्धितमन्त्रालयलाई जानकारी गराउनु पर्नेछ ।

(छ) जेष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपिलिन सम्बन्धित**वडाकार्यालयको**सम्बन्धीतशाखामार्फत वडाअध्यक्ष समक्षनिवेदन पेश गर्नुपर्ने छ ।

## ९. विविध

(क) जेष्ठ नागरिक परिचय-पत्रवितरण सम्बन्धमामाथिउल्लेखितव्यवस्थाबाहेक प्रचलितकानुनको अधिनमा रहीगाउँकार्यपालिकाले निर्णय गरे वमोविमहुनेछ ।



**अनुसूची - १**

## जेष्ठ नागरिक परिचयपत्रको ढाँचा

**चुलाचुलीगाउँपालिकाको कार्यालय,**
**चुलाचुली,इलाम**
**प्रदेश नं.१**
**नेपाल**

फोटो

परिचय-पत्र नं. :
परिचय-पत्रको प्रकार :

### जेष्ठ नागरिक परिचय-पत्र

प.प.नं.
नाम, थर : ..........................................................
ना.प्र.प.नं. : ..........................................................
ठेगाना:
जिल्ला:इलामचुलाचुलीगाउँपालिका, प्रदेश नं.१, नेपाल .........
वडा नं.:......... टोल/गाऊँ: ..........
उमेर : ..............................लिङ्ग: ..............................
जेष्ठनागरिकको किसिम:उमेरको आधारमा:असहाय/अशक्तभए: ......................
उपलब्धतथा छुट सुविधाहरु : ............................................
पति/पत्नीको नाम : ........................................................
कसैको संरक्षणमा बसेको भए सो को वितरण :
संरक्षकको नाम, थर, नाता, सम्पर्क ठेगाना, मोबाइल नं.: .........
..............................................................................
रक्त समूह र रोग भए रोगको नाम र सेवनगरिएको औषधिको नाम :
..............................................................................

**प्रमाणितगर्नेअधिकृतको:**
**दस्तखत :**
**नाम, थर :**
**पद:**
**कार्यालय :**
**कार्यालयको छाप :**

**अनुसूची २**

## जेष्ठ नागरिकको परिचयपत्रपाउनको लागिदिने निवेदनको ढाँचा

फोटो

मिति .................

श्री कार्यालय प्रमुखज्यू
मार्फत...........................
चुलाचुलीगाउँपालिका, चुलाचुलीइलाम ।

**विषय:जेष्ठ नागरिकको परिचयपत्रपाउँ ।**

महोदय,

म जेष्ठनागरिकको परिचयपत्रपाउन योग्यभएकोले निम्नलिखितविवरण राखि परिचयपत्रपाउन यो निवेदन पेश गरेको छु । मैले पेस गरेको विवरण ठीक साँचो छ, झुट्टा ठहरेमाप्रचलितकानुनबमोजिमको सजायभोग्नमञ्जुर छु ।

१. नाम थर ............................... उमेर ................. ......... लिङ्ग .........
२. प्रदेश :
३. ठेगाना:
(क) स्थायी ठेगाना ...................पालिका, वडा नं.............. टोल .............
(ख) अस्थायी ठेगाना ................पालिका, वडा नं..................टोल .............
(ग) सर्म्पर्क टेलिफोन वामोबाइल नं. ............... ................. ................
४. संरक्षकरअभिभावकको नाम थर ........................... निवेदकको नाता ............
५. संरक्षक र अभिभावकको टेलिफोन वामोबाइल नं. ............. .................. ....
६. सहायक सामग्रीप्रयोग गर्ने गरेको र नगरेको (उपयुक्त स्थानमाचिनो लगाउनुहोस
क) गर्ने गरेको ख) गर्ने नगरेको
७. सहायक सामग्रीप्रयोग गर्ने गरेको भए सामग्रीको नामः ........................ ..........
८. अन्यव्यक्तिको सहयोग विनाआफ्ना कस्ता कस्ता दैनिककार्य गर्न सक्नुहुन्छ ?
क) ........................ ख)........................... ग) ..........................
घ) .......................... ङ) ........................ च) ...........................
९. अन्यव्यक्तिको सहयोग लिनुहुन्छ भने कुनकुनकामको लागिलिनु हुन्छ
क) ........................ ख)............................ ..... ग) ..........................
घ)........................ ङ)............................ च) ...........................
१०. कुनै तालिमप्राप्तगर्नुभएको भएमुख्यतालिमहरूको नाम लेख्नुहोस
...........................................................................................

.

निवेदक
नाम, थर ..............
हस्ताक्षर ..........
मिति .................